# विद्यालयको शैक्षिक गुणस्तर

ताराबहादुर थापा
सहायक प्राध्यापक, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्ज,

## लेखसार

**गुणस्तरले मुख्य गरी कुनै वस्तु वा सेवाको उत्कृष्टता वा सर्वश्रेष्ठताको बोध** (perception of excellence) **गराउँछ । त्यसैले उपभोक्ता वा सेवाग्राहीको उत्कृष्टता वा पूर्णताको अनुभूति नै गुणस्तर हो** (quality is the consumer's perception of excellence)**। उक्त अनुभूतिमा कुनै एक वस्तु वा सेवाभन्दा अर्को वस्तु वा सेवा अझ बढी राम्रो छ भन्ने भावना वा अनुभूति हुनुपर्दछ । अर्को शब्दमा भन्दा मितव्ययी मूल्य वा अन्य लगानीमा औसतभन्दा राम्रो वस्तु वा सेवा प्राप्त हुनुपर्ने गुण स्तर हो । विद्यालयमा प्रभावकारी नेतृत्व, योग्य, क्षमतावान, प्रतिष्ठित, लगनशील र समर्पित शिक्षकका साथै उत्कृष्ट र सान्दर्भिक पाठ्यक्रम, सरल र सहज शैक्षिक सामग्री, मैत्रीपूर्ण विद्यालय, शैक्षिक वातावरण, स्तरीय परीक्षा प्रणालीले नै गुणस्तरीय विद्यालयको चित्रण गर्ने भए तापनि कुन विद्यालय गुणस्तरीय हो ? गुणस्तरको मात्रा के हो ? गुणस्तरको निर्धारक तत्त्व के हो ? त्यसलाई कसले निर्धारण गर्ने ? कसले निर्धारण गरेको सूची वा मापदण्डलाई स्वीकार गर्ने ? भन्ने चुनौती रहेको छ ।**

**नेपालको सन्दर्भमा विभिन्न शैक्षिक योजना तथा प्रतिवेदनहरुले विद्यालयको गुणस्तरलाई फरक फरक ढङ्ले मापन गरेका छन् भने अन्तर्राष्ट्रिय स्तरमा समेत केही व्यक्ति वा निकायले विद्यालयको गुणस्तर र त्यसको मापकका बारेमा चर्चा गरेका छन् । तसर्थ यो लेखमा ती मापकको उजागर गर्ने र विद्यालयको गुणस्तर सुधारका लागि विद्यालयले अवलम्बन गर्नुपर्ने उपायहरुको खोजी गर्ने प्रयास गरिएको छ ।**

## मुख्य शव्दावली

**गुणस्तर** (quality), **सापेक्षित अवधारणा** (relative concept), **बहुआयामिक चिन्तन** multidimentional thought), **सर्वोच्चता वा उत्कृष्टता** (excellence), **सेवाग्राहीको सन्तुष्टि** (satisfaction of customer),**प्रभावकारी नेतृत्व** (effective leadership), **योग्य र पेसाप्रति समर्पित शिक्षक** (qualified and devoted teacher for occupation), **सरल र सहज शैक्षिक सामग्रीको प्रयोग** (use of simple and easy teaching materials), **मैत्रीपूर्ण विद्यालय** (friendly school),**शैक्षिक वातावरण** (academic environment), **स्तरीय परीक्षा प्रणाली** (standard examination system)।

## १. अध्ययनको पृष्ठभूमि

गुणस्तर भन्नाले कुनै पनि वस्तु वा सेवाको पूर्वनिर्धारित मापदण्ड वा स्तरीय गुणलाई बुझाउँछ । यो वस्तु वा सेवाको गुण वा विशेषताको समग्र रूप हो जसले पूर्वनिर्धारित मापदण्डअनुसारको मात्रा वा परिणामलाई चित्रण गर्दछ । नेपाली बृहत् शब्दकोश (२०५८)का अनुसार कुनै बस्तु वा पदार्थमा

रहेको गुणको मूल्याङ्कन गरी सीमान्तकृत गरिने स्तर वा योग्यता नै गुणस्तर हो । त्यसरी नै oxford dictionary ले राम्रो पनको मात्रा, मूल्य, सामान्य सर्वोच्चता तथा प्रतिष्ठित विशेषता (degree of goodness, worth, general excellence, distinguishing feature) भएको बस्तु वा सेवालाई नै गुणस्तरका रूपमा परिभाषित गरेको छ (homby, 2005)। तर, गुणस्तरलाई सामाजिक, आर्थिकलगायत भिन्न आधारमा भिन्न दृष्टिकोणबाट परिभाषित गर्नुपर्ने धारणा पनि छ । सामाजिक आधारमा आदर्शवान (ideal), आर्थिक आधारमा आम्दानीलाई बढावा दिने (increase generation) स्रष्टागत आधारमा सर्जक बन्न सक्ने (creators), पहुँचका आधारमा अधिकारमुखी (authority holder),विश्व व्यापारीकरणका आधारमा स्थल र सूक्ष्म मिलाउने, सिकाइका आधारमा स्वतस्फूर्त सिक्न सक्ने (autonomous) र बजारका आधारमा सहजै विक्न सक्ने (marketable) तागत भएको बस्तु वा सेवालाई नै गुणस्तर मान्नुपर्दछ (कोइराला,२०००)।

गुणस्तर आफैँमा सापेक्षित अवधारणा (relative concept) हो । यसले बहुपक्षीय मूल्यलाई अवलम्बन गरेको हुन्छ । त्यसैले देश, काल, परिस्थितिअनुसार बस्तु वा सेवाको गुणस्तर फरक फरक हुन्छ । कुनै एक स्थान, समय र परिवेशमा मानिएको गुणस्तर अर्को स्थान, समय र परिवेशमा गुणस्तरीय नहुन पनि सक्छ । तर उक्त वस्तु वा सेवामा निहित उत्कृष्टता (excellence) र उच्च नापो (high standard) भने निरपेक्ष चिन्तन हो (transcendental thought)। त्यसैले सेवाग्राहीको सन्तुष्टिलाई ध्यान दिएर बस्तु वा सेवाको परम्परागत कार्य प्रणालीमा सुधार गरी परिवर्तन र परिवर्तित नयाँ प्रविधिलाई अङ्गीकार गरी गुणमापनका आधारमा लागत प्रतिफललाई विश्लेषण गरेर सेवा प्रदान गर्ने प्रक्रियामा नै गुणस्तर निर्भर रहन्छ । उपभोक्ताको अपेक्षाअनुसारको सन्तुष्टि वा लगानीकर्ता र जोखिमकर्तालाई सन्तुष्टि दिने आधार नै गुणस्तर हो ।

branson (1987) ले अनुरूपता (conformance), कार्य सम्पादन (performance), विशेषता (features) सौन्दर्य (aesthetic),विश्वसनीयता (reliability), टिकाउपन(durability), सेवा प्रदान गर्न सक्ने (serviceability) र गुणस्तर अनुभूति (perceived quality) जस्ता आयामहरू नै गुणस्तरका मापक हुनुपर्ने धारणा राखेका छन् । गुणस्तरीय शिक्षाले विद्यार्थीको सिकाइका क्रममा आउने सबै खाले अवरोधलाई हटाएर सीमान्तकृत तथा वञ्चितीकरण हुन सक्ने अवस्थालाई न्यूनीकरण गर्नुपर्ने र गुणस्तरीय दृष्टिकोण शिक्षाले पहुँच, समता, समानता, पूर्ण सहभागिता, समावेशीता, एकीकृत दृष्टिकोण र सशक्तीकरणलाई समेट्नुपर्दछ भन्ने विचार पनि छ (काले, २०६६) । एक्काइसौं शताब्दीमा आएर शिक्षामा सर्वोत्कृष्टता नै गुणस्तर भन्ने मान्यतालाई सन्तुष्टिले प्रतिस्थापन गरेको छ । त्यसैले अभिभावक तथा सेवाग्राहीको सन्तुष्टि नै गुणस्तरीय शिक्षा भएको मान्यता पनि छ । कुनै वस्तु वा सेवाको प्रकृति, स्वरूप आदिका आधारमा विभिन्न ढङ्बाट परिभाषित गरिए तापनि निरपेक्ष रूपबाट हेर्ने हो भने कुनै वस्तु वा सेवाको गुण स्तरमा सर्वोच्चता वा उत्कृष्टता भई त्यसमा सन्तुष्टिको सम्मिलन हुनु आवश्यक । सेवा प्रदायकले उपलब्ध गराएको वस्तु वा सेवाप्रति उपभोक्ता वा सेवाग्राहीको अपेक्षाअनुसार सन्तुष्टि भएको हुनुपर्दछ । यद्यपि गुणस्तर आफैँमा सम्पूर्णता होइन त्यसैले कुनै विशेष सेवा क्षेत्रको वस्तु वा गुण स्तरलाई वस्तुगत रूपबाट हेरिनुपर्दछ ।

## २. विद्यालयको शैक्षिक गुणस्तर

औपचारिक शिक्षाको सबैभन्दा तल्लो निकायका रूपमा विद्यालय रहने भएकाले विद्यालयको गुण स्तर बढ्नु भनेको समग्र शिक्षाको गुण स्तर बढाउनका लागि आधार प्रदान गर्नु हो । विद्यालयको गुण स्तरले विशेषगरी विद्यालयको उत्कृष्टता वा सर्वोच्चतालाई समेट्ने भए तापनि यो आफैँमा सापेक्ष रहन्छ । त्यसैले एक समय, परिवेश र स्थानमा गुण स्तर कायम भएको विद्यालय अर्को समय, परिवेश र स्थानमा गुण स्तरविहीन बन्न सक्छ । विगतमा केवल सङ्ख्यात्मक रूपमा बढी शिक्षा प्रदान गर्ने विद्यालय नै गुणस्तरीय मानिन्थ्यो । तर आज सङ्ख्यात्मक रूपमाभन्दा पनि गुणात्मक शिक्षा वा शैक्षिक उत्कृष्टता हासिल गर्नुका साथै भूमण्डलीकरण (globalization) र आधुनिकीकरण (modernization) लाई समेट्नुपर्ने धारणा आएको र स्थानीयता (localized) र भूमण्डलीयता (globalized) को बिचमा सम्मिश्रण हुने गरी भूस्थानीयताको (glocalized) ज्ञान हासिल गर्न सक्ने दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्ने विद्यालयहरू गुणस्तरीय ठहरिने छन् ।

विद्यालयमा प्रभावकारी नेतृत्व, योग्य, क्षमतावान, प्रतिष्ठित, लगनशील र समर्पित शिक्षकका साथै उत्कृष्ट र सान्दर्भिक पाठ्यक्रम, सरल र सहज शैक्षिक सामग्री, मैत्रीपूर्ण विद्यालय, शैक्षिक वातावरण, स्तरीय परीक्षा प्रणालीले नै गुणस्तरीय विद्यालयको चित्रण गर्दछ । त्यसरी नै विद्यालयको बाह्य पक्षहरूमा अभिभावकको रचनात्मक सहयोग, विद्यार्थीको सामाजिक, आर्थिक अवस्था जस्ता पक्षहरूसमेत गुणस्तरीय विद्यालयका सूचक हुन जसले विद्यालयको गुण स्तर विकास गर्न र त्यसलाई कायम राख्न उल्लेखनीय भूमिका खेल्छ ।

नेपालका सन्दर्भमा भाषिक रूपबाट समेत अङ्ग्रेजी भाषामा संवाद गर्न सकेको खण्डमा सक्षम हुने र त्यस्तो शिक्षा दिने विद्यालय नै गुणस्तरीय हुने आवाज पनि त्यतिकै चर्को रूपमा विकसित भएको छ । तर भाषिक ज्ञान भन्दा पनि त्यसलाई (ज्ञान र सिप) उपभोग गरेर जीवन निर्वाह गर्न सक्ने क्षमता वा पढेको/सिकेको कुरालाई जीवनमा उतार्न सक्ने कौशल उपलब्ध गराउने विद्यालय नै गुणस्तरीय हुने तर्क पनि छ । यो कुरा पाश्चात्य साहित्यहरूको अनुसन्धानमा आधारित छ । यसका अतिरिक्त विद्यालयप्रतिको अभिभावक तथा समुदायको मौलिक दृष्टिकोणका आधारमा समेत गुणस्तर कायम हुने गर्दछ । विद्यालयप्रतिको विश्वसनीयता, जवाफदेहिता तथा आना विद्यार्थीहरूको अभिरुचिलाई समेट् नुपर्ने उनीहरूको मान्यता रहिआएको छ । अभिभावकलाई सन्तुष्टि दिने, स्वव्यवस्थित वा समयबद्ध र समाजको माग, चाहना र विद्यार्थीको रुचिअनुसारको शिक्षा प्रदान गर्न सकेका खण्डमा विद्यालय गुणस्तरीय बन्न सक्छ ।

विभिन्न शैक्षिक योजना तथा प्रतिवेदनहरूले विद्यालयको गुण स्तरलाई फरक फरक ढङ्ले मापन गर्ने प्रयत्न गरेको पाइन्छ । ती प्रतिवेदनमध्ये केहीलाई तल उल्लेख गरिएको छ । दसौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) ले गुण स्तरका लागि निम्नानुसार उल्लेख गरेको छ :

१. शिक्षक विकास

२.अध्यापन अनुमतिपत्र तथा तालिम

३. विद्यालयमा पुस्तकालय

४. शिक्षण सिकाइमा नयाँप्रविधिको प्रयोग

५.सूचनाको भरपर्दो आधार स्थापना

६. निजी विद्यालयलाई समेत संलग्न गराउने प्रतिस्पर्धात्मक वातावरण

यसरी दसौं योजनाले समेट्न नसकेका पक्षलाई समेत समेट्दै विद्यालयको गुणस्तर कायम राख्नका लागि सबैका लागि शिक्षाको मुख्य प्रतिवेदन (core documents of EFA, 2004-09) ले देहायका पक्षमा जोड दिनुपर्ने कुरा उल्लेख गरेको छ :

१. विद्यालय सुधार योजना

२. निःशुल्क पाठ्यपुस्तक व्यवस्थापन

३. आधारभूत शैक्षिक सामग्रीको व्यवस्थापन

४. विद्यालयमा आधारित व्यवस्थापनमा सरोकारवालाको सहभागिता

५. अनुसन्धान, नवप्रवर्तन र विकास

६. पुस्तकालय तथा कम्प्युटरको उपलब्धता तथा प्रयोग

७. तालिमप्रति विद्यालयको जवाफदेहिता र एकमुस्ट अनुदान

८. जिल्ला शिक्षा योजनाको उपयोग

त्यसरी नै त्रिवर्षीय अन्तरिम योजना (२०६४-०६७) ले विद्यालयको गुणस्तर विकासमा निम्न लिखित पक्षलाई समेट्नुपर्ने धारणा व्यक्त गरेको छ :

१. बालबालिकालाई मातृभाषा र भाषिक शिक्षा नीतिको अवलम्बन

२. विद्यालयमा आधारित व्यवस्थापन

३. उदार कक्षा नीति

४. कमजोर विद्यार्थीलाई उपचारात्मक शिक्षणको व्यवस्था

५. गुणस्तर शिक्षाका लागि न्यूनतम् सिकाइ अवस्थाको निर्धारण

६. विद्यालय स्तरीकरण कार्यक्रमको विस्तार

७. शिक्षकलाई सक्षमतामा आधारित सेवाकालीन तालिम

८. शिक्षकलाई तालिमपश्चात अनुगमन (follow up) को व्यवस्था

त्यसरी नै विद्यालय क्षेत्र सुधार योजना (SSRP, २०६६-७२) ले भने विद्यालयको गुण स्तर कायम राख्न निम्न लिखित पक्षमा सुधार गर्नुपर्ने प्रस्ताव राखेको छ :

१. विद्यालयको सक्षमताको अवस्था

२. पाठ्यक्रम र पाठ्यपुस्तक

३. शैक्षिक प्रक्रिया

४. शिक्षकको पेसागत विकास

५. प्रधानाध्यापकको व्यवस्थापन र विकास

६. प्रमाणीकरण र परीक्षा प्रणाली

७. विद्यालय व्यवस्थापन र सञ्चालन

८. अन्य मापदण्डहरू पाठ्यक्रम, कक्षा कोठा, शिक्षक, मूल्याङकन आदि ।

उल्लिखित विद्यालयका ८ वटा गुण स्तरका पक्षहरूमध्ये सुरुका तिनओटालाई गुण स्तर सुधारका मुख्य तत्त्वका **रूपमा** लिइएको छ । पछिल्ला चारओटा विद्यालयको गुण स्तर सुनिश्चितताअन्तर्गत पर्दछन् । यसका अतिरिक्त विद्यालयमा गुण स्तर सुधारका लागि आआनै किसिमको न्यूनतम् सक्षमताको अवस्था हुनु आवश्यक छ । यद्यपि स्थानीय अख्तियारवालाहरूले न्यूनतम् अवस्थाका लागि आआनै आधारहरू निर्धारण गर्न सक्ने व्यवस्था विद्यालय क्षेत्र सुधार योजनाले सिफारिस गरेको छ ।

विद्यालयको गुण स्तरलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा निम्न लिखित तत्त्वहरूले प्रभाव पार्दछन् (काले,अधिकारी र थापा,२०६८) ।

१. शिक्षक विद्यार्थी अनुपात (students teacher ratio)

२. शिक्षकको उत्पादकत्व बढाउनका लागि पद मिलान (teacher redeployment)

३. दक्ष शिक्षक/स्थानीय शिक्षक (qualified teacher/local teacher)

४. शिक्षक भर्ना (teacher recruitment)

५. प्रत्येक विद्यालयमा महिला शिक्षक (female teacher in each school)

६. शिक्षक सहयोग सेवा (teacher support service)

७.स्रोत व्यक्ति/केन्द्रको कक्षा कोठासम्म सहयोग (support of resource person at classroom)

८.केन्द्रीकृत पाठ्यक्रम (centrally developed curriculum)

९. शिक्षकको पेसागत विकास (professional development of teacher)

१०.गुणस्तरीय शिक्षाप्रति शिक्षकको प्रतिबद्धता (teachers' commitment to quality education)

समग्रमा उल्लिखित तत्त्वहरूका अतिरिक्त विद्यालयको गुण स्तरलाई निम्न लिखित तत्त्वले समेत प्रभाव पार्दछन् (murgatroyed & morgan,1997):

१. सेवाग्राहीको दृष्टिकोण (consumer's perspective)

२. जवाफदेहिता (responsibility)

३. शिष्टता (politeness)

४. सञ्चार (communication)

५. विश्वसनियता (credibility)

६. विद्यार्थीको बुझाइ र प्रस्तुतीकरण (understanding and presentation of students)

उनीहरूका अनुसार विद्यालयको गुण स्तर निर्धारण गर्नमा सेवाग्राहीको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसरी नै विद्यालयप्रति विश्वसनीयतासँगै समयानुकूल कार्य सम्पादन हुनुपर्नेमा पनि जोड दिइएको छ । शिक्षक तथा कर्मचारीको काम गर्ने अभिरुचिका साथ (willingness) जवाफदेहिता, शिष्टता र सभ्यता पनि हुन आवश्यक छ । त्यसरी नै सुन्न र सुनाउन सक्ने विद्यार्थी अर्थात् आदेश दिन र लिन सक्ने क्षमता भएका विद्यार्थीहरू उत्पादन गर्नेतर्फ विद्यालयहरू केन्द्रित हुनुपर्दछ । यसका अतिरिक्त घरपरिवार, समाज र राष्ट्रलाई इज्जत तथा सम्मान गर्ने फराकिलो सोच र सोहीअनुसार प्रस्तुतीकरण गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने विद्यालय नै गुणस्तरीय विद्यालय हो । यसको अभावमा विद्यालयको गुण स्तरको कल्पना पनि गर्न सकिँदैन ।

## ३. विद्यालयमा शैक्षिक गुण स्तरको आवश्यकता

सामान्यतया शैक्षिक गुण स्तर भन्नाले शिक्षामा उत्कृष्टता वा सर्वोच्चतालाई बुझाउँछ जसले शैक्षिक क्षेत्रको लगानी, प्रक्रिया र उत्पादन (input, process and output: IPO) बिचमा समन्वय गरेको हुन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेको लक्ष्य तथा उद्देश्यअनुसार विद्यार्थीमा विकास गर्न खोजिएको ज्ञान, सिप र क्षमताको समुचित विकास भई सैद्धान्तिक र व्यावहारिक दुवै रूपबाट सामञ्जस्यता र समन्वय कायम गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । विद्यार्थीले के सिके ? कति सिके ? कति राम्रोसँग सिके ? सिकेको सिपलाई कति व्यवहारमा उतार्न सके अर्थात् सिकाइबाट कति फाइदा लिन सके भन्ने प्रश्नको उत्तर शैक्षिक गुण स्तरसँग सम्बन्धित छ (भट्टराई र थापा, २०६७)।

परिवर्तित समाजको सन्दर्भमा विश्वका विभिन्न समाजको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि परिवर्तनशील र गतिशील भूमिका निर्वाह गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । विश्वव्यापीकरणले संसारमा भइरहेको परिवर्तित घटनाक्रमसँग तादाम्यता राखेर व्यक्ति, समाज र राष्ट्र विकासका लागि लाभ दिन सक्ने ज्ञान, सिप प्रदान गर्नका लागि गुणस्तरीय शिक्षाको आवश्यकता पर्दछ । विद्यालयमा रहेको सरकारी लगानीको मात्रा, शिक्षक, विद्यार्थी अनुपात, शिक्षकको योग्यता, विद्यार्थी-शिक्षक उपलब्धिको स्तर, विद्यार्थीले विद्यालय तह पार गर्न ल्याएको समयावधि आदिका आधारमा नै उक्त विद्यालयको गुणस्तरीयता मापन हुने गर्दछ ।

The Dakar framework for action, (2002) ले विद्यालयको गुणस्तरीयतालाई विद्यालयमा अध्यापनरत सबै बालबालिकाको पहुँच, भर्ना, टिकाउपन, सिकाइ उपलब्धिको स्तर आदिसँग जोडेको छ । यसका साथै विद्यालयमा अध्ययनरत विद्यार्थीको अपेक्षाकृत व्यवहार, शिक्षण सिकाइ प्रक्रियामा उत्कृष्टता, विषय वस्तु तथा सान्दर्भिक पाठ्यक्रम र सुशासन र न्यायपूर्ण स्रोतको विनियोजन प्रणालीलाई गुण

स्तरका लागि प्राथमिकता दिनुपर्ने बताएको छ । त्यसरी नै UNESCO (2000) ले शिक्षा जान्नका लागि (learning to know), राम्रो बन्नका लागि (learning to be), व्यक्ति स्वयम् समाज, राष्ट्र र विश्वकै लागि केही गर्न सक्नेका लागि (learning to do), र समाज तथा राष्ट्रमा सामञ्जस्यता कायम राख्दै सँगै बाच्न र बस्नका लागि (learning to live together) योगदान पुऱ्याउनका निमित्त गुणस्तरीय शिक्षाको आवश्यक छ । यसैलाई थप विश्लेषण गर्दै UNESCO (2000) ले शैक्षिक गुण स्तरमा सान्दर्भिकता र प्रभावकारिता (relevance and effectiveness) लाई समेट्नुपर्ने चर्चा गर्दै व्यक्तिले आर्जन गरेको शिक्षा वा सिकेको सिपलाई उसको दैनिक जीवनयापन सञ्चालन गर्न वा पेसालाई जीवनोपयोगी बनाउन र कम लगानी वा परिश्रममा बढी प्रतिफल (maximum output through minimum input) हासिल गर्ने तर्फ जोड दिन वा शैक्षिक प्रभावकारिताले लगानी, प्रक्रिया र उत्पादनको दृष्टिकोण (IPO perspective) बाट शिक्षालाई हेर्नुपर्ने धारणा राखेको छ ।

विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, पेसाप्रति समर्पित दक्ष शिक्षकसँगै पर्याप्त तथा उपयुक्त शैक्षिक सामग्रीको उपलब्धता, शैक्षिक नीति जस्तो शैक्षिक लगानी भएर मात्रै हुँदैन । शैक्षिक गुणस्तर कायम हुनका लागि विद्यालयको शैक्षिक प्रक्रिया पनि राम्रो हुनुपर्दछ । जस्तो रोप्यो त्यस्तै फल्छ (garbage in garbage out) भने झैं यदि प्रभावकारी सेवा, शैक्षिक सुपरिवेक्षक, जीवन्त कक्षा शिक्षण सिकाइ क्रियाकलाप भएन भने शैक्षिक लगानीको कुनै औचित्य रहँदैन । शैक्षिक लगानी र प्रक्रियाका आधारमा आशातित लक्ष्य हासिल गर्न सक्ने खालको उत्पादन हुनुपर्दछ । विद्यालय तहमा अध्ययनरत विद्यार्थीले निश्चित तह पार गरेपश्चात उनीहरूको उत्तीर्ण प्रतिशतसँगै उपलब्धि स्तरसमेत अपेक्षित खालको हुनुपर्दछ ।

नेपालका सन्दर्भमा विद्यालय शिक्षा वा विद्यालयको गुण स्तरलाई परिणात्मकभन्दा पनि सङ्ख्यात्मक सूचकमा राखेर परिभाषित गर्ने वा मापन गर्ने प्रचलन रहिआएको छ । विद्यालयले आफ्ना विद्यार्थीलाई कुन तहमा कस्तो ज्ञान, सिप र क्षमता दिएको छ भन्ने निर्दिष्ट मापदण्डको स्थापना हुन बाँकी नै छ । त्यसैले कुनै निश्चित मापदण्डको अभावमा विद्यालयको गुण स्तरको मात्रा वा गुण निश्चित गर्न कठिन छ । मूलतः विद्यार्थीले अन्तिम परीक्षामा ल्याएको परिमाणात्मक प्रतिशतलाई हेरेर विद्यालयको वा विद्यार्थीको गुण स्तर निर्धारण गर्ने पद्धति वैज्ञानिक छैन ।



## ४. विद्यालयको गुण स्तरमा देखिएका समस्या र चुनौती



विद्यालयको गुण स्तर सापेक्षित रहने भएकाले यसको अवधारणा, मापदण्ड तथा सूचकहरू समय, स्थान र परिवेशअनुसार फरक फरक हुने गर्दछ जसले गर्दा कुन विद्यालय गुणस्तरीय हो ? गुण स्तरको मात्रा के हो ? गुण स्तरको निर्धारक तत्त्व के हो ? त्यसलाई कसले निर्धारण गर्ने ? कसले निर्धारण गरेको सूची वा मापदण्डलाई स्वीकार गर्ने ? आदिका बारेमा व्यापक बहस र चुनौती रहेको छ । अभिभावककै सन्तुष्टिलाई आधार मान्ने हो भने पनि त्यसैमा एकरूपता छैन । एउटा अभिभावकले विद्यालय गुणस्तरीय छ वा राम्रो शिक्षा दिन सक्छ भन्ने विश्वासका साथ आनो सन्तानलाई भर्ना गर्न ल्याउछ । तर त्यसै विद्यालयमा अर्को अभिभावकले गुणस्तरीय शिक्षा दिन नसकेको आरोपसहित आनो

सन्तानलाई अर्कै विद्यालय लैजान्छ । त्यसैले अभिभावकको सन्तुष्टिलाई कसरी मापन गर्ने ? कसको परिभाषा वा मापदण्डलाई स्वीकार गर्ने ? प्रत्येक सरोकारवाला वा अभिभावकअनुसारको गुणस्तर खोज्न पनि सकिँदैन, त्यसका लागि प्रशासनिक चुनौती रहन्छ । केन्द्रीकृत रूपबाट आएको गुण स्तरको मापदण्डको सूची स्वीकार गर्न सकिँदैन । स्थानीय स्तरमा आफैं निर्धारण गर्न पनि कठिनाइ हुन्छ । स्थानीय स्तरमा विद्यालयको गुण स्तर निर्धारण झनै चुनौतीपूर्ण बन्दै गएको छ । स्थानीय स्तरमा प्राज्ञिक, राजनीतिक, शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय आदिको फरक फरक सोच र चिन्तनका कारण गुण स्तर विवादित बन्दै गएको छ ।

समग्रमा भन्नुपर्दा विद्यालयको गुण स्तरमा निम्न लिखित समस्या र चुनौतीहरू देखिएका छन् (बराल र कोइराला,२०६६):

**(क) परिभाषा तथा मापदण्ड (definition and standard)**

विद्यालयको गुण स्तर भनेको के ? कसलाई गुणस्तरीय विद्यालय भन्ने ? त्यसको मापदण्ड के हुने भन्ने बारेमा स्पष्ट परिभाषा छैन । त्यसरी नै गुणस्तरीय विद्यालयको मापदण्ड यही नै हुनुपर्दछ भनी निश्चित रूपमा किटान गरिएको  छैन । त्यसैले यो नै प्रमुख समस्या र चुनौती हो ।

**(ख) मापदण्डमा विविधता (diversity of standard)**

विद्यालयको गुण स्तरको मापदण्डमा प्राज्ञिक, राजनीतिक, सेवाग्राही तथा अभिभावक र विद्यालयहरू बिचमा नै एकरूपता छैन । सबैले आआनो अनुकूल मापदण्ड तय गरेका छन् । यसले गर्दा गुणस्तरीय विद्यालयको किटान गर्न गारो छ

**(ग) गुण स्तरका लागि चाहिने न्यूनतम् भौतिक सेवा (minimum physical service for quality)**

विद्यालयहरूमा प्रायः गुण स्तरका लागि आवश्यक पर्ने भौतिक सेवा नहुनु अर्को समस्या तथा चुनौती हो । कोइराला (२०६४) का शब्दमा  'थाकेकाहरू' विद्यालयको नेतृत्वमा रहनु,  'गतिछाडा शिक्षकले पढाउनु,' पढाइ 'ठप्प पार्ने' प्रवृत्तिमा जवरजस्ती वृद्धि हुनु, पढ्ने पढाउने सामग्री नहुनु, बोलेअनुसार नगर्ने संस्कार विद्यमान हुनु नै प्रमुख चुनौती हुन् ।

**(घ) सामाजिक इज्जत (social prestige)**

विद्यालयले सदैव सेवाग्राही तथा अभिभावकलाई सन्तुष्टि दिएर समाजमा इज्जत बटुल्नुपर्दछ । तर नेपालको सन्दर्भमा विद्यालयप्रति समाजको हेर्ने दृष्टिकोण सकारात्मक छैन । त्यसको प्रमुख कारकतत्त्व विद्यालय नै हो ।

**(ङ) प्रतिबद्धता तथा समर्पण (commitment and dedication)**

विद्यालयको गुणस्तर वृद्धिका लागि सम्पूर्ण सरोकारवाला व्यक्ति तथा सम्बन्धित निकायको प्रतिबद्धता

र समर्पणको आवश्यकता पर्दछ । गुणस्तर केबल नारामा मात्रै नभई व्यावहारिक र वस्तुगत रूपमा नै हासिल गर्न सबै पक्षको प्रतिबद्धता हुनुपर्दछ ।

### (च) अनुगमन, निरीक्षण तथा मूल्याङ्न (monitoring, supervision and evaluation)

विद्यालयको समग्र विकासका लागि तथा गुण स्तर कायम राख्नका लागि नियमित र प्रभावकारी रूपमा अनुगमन हुन आवश्यक छ । सम्बन्धित निकायका व्यक्तिहरूको पटके विद्यालयमा भ्रमण, तथ्याङ्क सङ्कलन र प्रशासनिक निरीक्षण मात्रै हुन्छ । विद्यालयको अनुगमन तथा मूल्याङकन केबल प्रशासनिक र औपचारिकतामा सीमित भएको छ । त्यसमा पनि निरन्तरताको कमी छ ।

यसका अतिरिक्त विद्यालयको गुण स्तरमा देखिएका समस्या तथा चुनौतीहरूलाई लगानी, प्रक्रिया र उत्पादनको दृष्टिकोणबाट समेत हेर्न सकिन्छ । जबसम्म शैक्षिक लगानी वृद्धि हुन सक्दैन वा विद्यालयमा पर्याप्त लगानी हुन सक्दैन तबसम्म गुण स्तरको कल्पना गर्न सकिँदैन । नेपालका विद्यालयमा केवल शिक्षकको तलबमा मात्रै लगानी गुण स्तरका लागि लगानी नगण्य छ । शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षाकृत लगानी हुन सकेको छैन । त्यसरी नै पेसाप्रति समर्पित शिक्षक वा शैक्षिक सामग्री र उपयुक्त शैक्षिक नीतिको न्यूनता छ । विद्यालयमा लगानी मात्र नभई शैक्षिक प्रक्रियामा समेत समस्या देखिएको छ । विद्यालय सञ्चालन हुने न्यूनतम् कार्य दिनको कार्यान्वयन, शिक्षकमा पर्याप्त तालिम, तालिमबाट सिकेको ज्ञान कक्षा कोठामा रूपान्तरण, गतिशील शैक्षिक नेतृत्व, जीवन्त कक्षा शिक्षण, नियमित अनुगमन तथा मूल्याङ्कन जस्ता प्रक्रियागत पक्षमा समेत समस्या र चुनौती थपिँदै गएका छन् । लगानीको तुलनामा विद्यालयबाट उत्पादन हुने जनशक्ति कमसल भएमा समेत त्यसले गुण स्तरलाई असर गर्छ । विद्यालय तह पार गरेका विद्यार्थीहरूले समाजको माग तथा चाहनाअनुरूपको अपेक्षालाई पुरा गर्न सक्नुपर्दछ । त्यसतर्फ विद्यालयले कमै ध्यान दिएको देखिन्छ ।

## ५. विद्यालयको गुण स्तर अभिवृद्धिमा सरोकारवालाको भूमिका

सामान्यतया शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासक, गैर सरकारी सङ्घ संस्था राजनीतिक व्यक्ति, समाजसेवी, सञ्चारकर्मी आदि नै विद्यालयका सरोकारवाला हुन् । त्यसमा पनि विद्यार्थी तथा तिनका अभिभावक मुख्य सरोकारवाला हुन् किनकि उनीहरू नै पहिलो लाभ लिने व्यक्ति (first benefecieires) हुन् । त्यसपछि क्रमशः शिक्षक र अन्य व्यक्ति तथा निकायहरू पर्दछन् । त्यसैले विद्यालयको गुण स्तर अभिवृद्धिमा विद्यार्थी, तिनका अभिभावक र शिक्षकको प्रमुख भूमिका रहन्छ । विद्यालयको गुण स्तर विकास गर्नका लागि स्थानीय पाठ्यक्रम तथा विषय वस्तु आवश्यक छ । त्यसरी नै विद्यार्थीहरूका लागि चिन्तनशील हुने शिक्षकसँगै चिन्तनशील बन्न प्रेरित गर्ने, प्रश्न सोध्ने विद्यार्थी हुनुपर्दछ । आनो छोराछोरीको पढाइप्रति समय समयमा विद्यालयमा आएर छलफल गर्ने, विद्यालयबाट आवश्यक सल्लाह सुझाउ लिने अभिभावक भएको खण्डमा मात्रै विद्यालयमा गुण स्तर कायम हुन सक्छ । अर्को शब्दमा भन्दा विद्यार्थीहरू जिज्ञासु तथा शोधार्थी, शिक्षक पेसागत अनुसन्धानकर्ता र अभिभावक चेतनशील र सशक्त हुन आवश्यक छ । यसरी नै बलमिचाइ वा राजनीतिक आग्रह पूर्वाग्रहबाट

नभई योग्यता, क्षमता र लगनशीलताका आधारमा विद्यालय व्यवस्थापन समिति बन्ने र सोहीअनुरूप काम हुनुपर्दछ । विद्यार्थीहरूको माथिल्लो कक्षामा जस्तै पढाइलाई भन्दा परीक्षालाई प्राथमिकता दिने (exam first learning) चिन्तन छ । उनीहरू परीक्षामुखी भएका छन् । विद्यालयमा सिक्नमा नै आनन्द मान्ने र सिकेर परीक्षामा सहभागी बन्ने प्रवृत्तिको विकास गर्नेतर्फ सरोकारवालाले उल्लेखनीय भूमिका खेल्नुपर्दछ ।

समग्रमा विद्यालयको गुण स्तर सुधार गर्न सरोकारवालाहरूको भूमिका निम्नानुसार हुनुपर्दछ :

१. गुण स्तरलाई परिभाषित गर्ने, सूचक निर्माण गर्ने,

२. गुण स्तरको समूह बनाउने

३. पढाइलाई अनुसन्धानसँग जोड्ने

४. विद्यालयबाट नै गुण स्तरको खोजी गर्ने

५. स्थानीय सरोकारवालालाई सशक्त बनाउने

६. व्यवस्थापनमा वाञ्छित फेरबदल गर्ने

७. सिर्जनशील बन्ने, बनाउने

८. अध्ययन सर्कल बनाउने

९. पढाइलाई पहिले र परीक्षालाई पछि राख्ने ।

नेपालका सन्दर्भमा विशेष गरी विद्यालयको गुण स्तर विकासमा सरोकारवालाहरूको भूमिका प्रस्ट हुन सकेको छैन । विद्यालय व्यवस्थापन समितिले केवल भौतिक पूर्वाधारलाई नै गुण स्तर ठहऱ्याउँदै शैक्षिक क्रियाकलापलाई गौण ठानेको छ । उनीहरू विद्यालयको भौतिक विकासमा नै केन्द्रित भए । स्थानीय सरकार वा नेताहरू केवल दाताका रूपमा वा लगानीकर्ताका रूपमा मात्रै स्थापित भए । पछिल्लो समयमा निर्वाचन क्षेत्र विकास कोषमा आएको रकम  पनि प्रायः सबै जिल्लाको अधिकांश विद्यालयको भौतिक पूर्वाधार विकासमा खर्च गरेको तथ्य विभिन्न सञ्चार माध्यमबाट पुष्टि हुन्छ । निर्वाचिन क्षेत्रका जनप्रतिपिनधिहरू त्यसैमा मक्ख परे । विद्यालयको शैक्षिक गुण स्तरलाई ध्यान नै दिएनन् । जिल्ला शिक्षा कार्यालय र त्यसका संयन्त्रहरू केवल भौतिक पूर्वाधार विकासकै साक्षी मात्रै बने । पत्रकार वा सञ्चारकर्मीहरू पटके साथी मात्रै बने । राजनीतिक दल वा त्यसमा आवद्ध व्यक्तिहरू केवल दोहोरो संवाद तथा छलफल नगर्ने रेडियो जस्तै मात्रै भए । तिनले विद्यालयको कुनै सार्वजनिक समारोहमा भाषण गरे हिँडे, त्यसैमा आनो भूमिका वा दायित्व पुरा भएको ठाने । तसर्थ विद्यालयको गुण स्तर आफैँमा चुनौतीपूर्ण बन्दै गएको छ ।

### ६. भावी कार्य दिशा

नेपालको सन्दर्भमा, शिक्षक र प्रधानाध्यापक तथा शिक्षक र व्यवस्थापन समिति बिचमा प्रगाढ सम्बन्ध नहुनु, प्रभावकारी सिकाइ नहुनु, पाठ्यक्रम र शिक्षण क्रियाकलापबिच फरक आउनु, शिक्षक विद्यार्थीबिचमा अन्तरक्रिया नहुनु, विद्यार्थीमा सिकाइप्रति तत्परता नहुनु जस्ता समस्याले गर्दा

विद्यालयको गुण स्तरमा ह्रास आएको छ । यसका अतिरिक्त विद्यालयमा उचित संस्कारको अभाव हुनु, अनुसन्धानमूलक तथा प्रविधिलाई शिक्षामा नजोड्नु, शिक्षक तालिम, पेसागत अभिवृद्धि, उत्प्रेरणा आदिको कमी हुनु थप कारणका रूपमा देखिन्छन् । यसलाई मध्यनजर गरी विद्यालयमा प्रधानाध्यापकले विद्यालयको गुण स्तर सुधार गर्न निम्नानुसारका उपायहरू अवलम्बन गर्नुपर्दछ (Thapa, 2011) :

१. विद्यालयको गुण स्तरका लागि स्पष्ट उद्देश्य तथा लक्ष्यको सुनिश्चितता गर्नुपर्दछ ।

२. विद्यालयका सम्पूर्ण सरोकारवालाहरूको राय सुझाउलाई ध्यान दिनुपर्दछ ।

३. विद्यालयको गुण स्तर विकासमा विद्यालय परिवार र सरोकारवालालाई सहभागी गराउनुपर्छ ।

४. आपसी समन्वय र अनुगमनको कार्यलाई जोड दिनुपर्दछ ।

५. विद्यालयमा कार्यरत सबै व्यक्तिलाई गुण स्तर विकासमा सहभागी गराउनुपर्दछ ।

६. विद्यालयको उन्नति तथा प्रगतिलाई तथ्याङ्कगत रूपमा विश्लेषण गर्नुपर्दछ ।

७. गुण स्तर विकासका लागि अन्य व्यक्तिले वा संस्थाले गरेको पहललाई आत्मसात् गर्नुपर्दछ ।

८. विद्यालयमा भएको गुण स्तरलाई निरन्तर रूपमा मापनसहित अनुगमन गर्नुपर्दछ ।

९. विद्यालयमा कार्यरत व्यक्तिको ज्ञानलाई निरन्तर बढावा दिनुपर्दछ ।

१०. विद्यालयको गुण स्तर सम्बन्धी तथ्याङ्कका आधारमा योजनालाई सहयोग तथा बढवा दिनुपर्दछ ।

यसका अतिरिक्त विद्यालयको गुण स्तर सुधारका लागि विद्यालयले गुण स्तर सम्बन्धी छुट्टै नयाँ नमुना अवलम्बन प्रयोग गर्नुका साथै विद्यालयमा कार्यरत शिक्षकलाई आवश्यक उचित तालिम तथा सूचना प्रदान गर्नु पर्दछ । विद्यालयमा अध्ययनरत विद्यार्थीलाई योजना-गराई-जाँच-कामको चक्र (plan, do, check, act, PDCA cycle) मा सम्मिलित गराउनुपर्दछ ।

विद्यालयको गुण स्तर कायम राख्नका लागि व्यवस्थापकले तपसिलबमोजिम गर्नुपर्दछ (kaufman, 1992):

१. चुनौती सामना गर्न तयार (be ready for a challenge)

२. गुण स्तर प्रणालीको सिर्जना र प्रयोग (create and use a quality ssystem)

३. आदर्श दृष्टिकोणको परिभाषा (define the ideal vision)

४. वर्तमान परिणाम र आदर्श दृष्टिकोणबिचको भिन्नता निर्धारण (determine gaps between current results and the ideal vision)

५. परिणाम प्राप्तिका लागि क्रियाकलापको निर्धारण (detemrine the activities that would deliver such results)

६. गुण स्तर विकासमा स्रोत साधनको पहिचान (identify resources)

७. विद्यालयमा कार्यरत शिक्षकको विशिष्टीकरणलाई छुट्याउने (specify the work specification of teachers)

८. निरन्तर रूपमा तथ्याङ्कमा आधारित गुण स्तर प्रणालीको प्रयोग (continuous use of the data-

based quality system)

यसका अतिरिक्त विद्यालयको गुण स्तर बढाउनका लागि प्रधानाध्यापकले आफूलगायत मातहतका शिक्षकको भूमिका, जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षलाई परिवर्तन तथा पुनःपरिभाषित गर्नुपर्दछ । विद्यालयमा कार्यरत सबै शिक्षकको व्यवहार, दृष्टिकोण तथा आचरण र विश्वासलाई सकारात्मक रूपबाट परिवर्तन गर्न सक्नुपर्दछ । त्यसरी नै सूचना तथा तथ्याङ्का आधारमा प्रधानाध्यापकले पढाइलाई नै अनुसन्धान तथा खोजमूलक बनाएर विद्यार्थीलाई सिर्जनशील बनाउनेतर्फ उचित कदम चाल्नुपर्दछ । विद्यालयको गुण स्तर विकासमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सरोकार राख्ने व्यक्ति तथा निकायलाई सशक्त ढङ्बाट परिचालन गर्नका लागि प्रधानाध्यापकले उल्लेखनीय भूमिका खेल्नुपर्दछ ।

## सन्दर्भ सामग्रीहरु


काले वासुदेव, अधिकारी नारायणप्रसाद र थापा ताराबहादुर (२०६८), **शिक्षामा मानव संसाधन**, काठमाडौँ : सनलाइट प्रकाशन

कोइराला विद्यानाथ (२०६४), **शिक्षामा वैकल्पिक चिन्तन**, काठमाडौँ : एफो प्रकाशन

नेपाल प्रज्ञा प्रतिस्ठान (२०५८), **नेपाली बृहत् शब्दकोश (संशोधित र परिवर्धित संस्करण,२०५८)** काठमाडौँ : लेखक

बराल, खगराज र कोइराला, सीताराम (सम्पादित) (२०६६), **शैक्षिक विकासका बहुआयामिक चिन्तन**, काठमाडौँ : सोपान मासिक

भट्टराई होमनाथ र थापा ताराबहादुर (२०६७), **शिक्षा मनोविज्ञान**, काठमाडौँ : इन्क्लुसिभ प्रकाशन

राष्ट्रिय योजना आयोग (**२०५९**), **दसौँ पञ्चवर्षीय योजना** (**२०५९-२०६४**) काठमाडौँ : लेखक

राष्ट्रिय योजना आयोग (२०६४), **त्रिवर्षीय अन्तरिम योजना** (२०६४/६५-२०६७/६८) काठमाडौँ : लेखक

Branson, R. (1987). Why does school cannot improve: the upper limit hypothesis, *Journal of Instructional Development*, 10, 15-26.

HMG/MOES (2003). *Education for All, 2009-2009, Core document*: Kathmandu: Author

Homby, A. (2005). *Advanced learner's dictionary of current English*, NewYork: Oxford University press.

Kafle, B. (2066). Inclusion and quality education: *Academic challenges*, 1, 61-70

Kaufman, R. (1992). *Improving School Quality*. New York: Corwin Press, Newbury Park.

MOE (2009). School sector reform plan (2009- 2015), Kathmandu: Author.

Murgatroyd, S. & Morgan, C. (1997). *Total quality management in public sectors: An international perspective.* U.K.: Open University Press.

Thapa, T.(2011). Total quality management in education, *Academic Voices: A multidisciplinary journal* 2, 80-84

The Dakar framework for action (2002). *Education for All- Meeting our collective commitments: World Education Forum, 26-28 April*. Paris: Author.

UNESCO (2000). *Education for All, National plan of action*, Kathmandu: Author.